चन्द्रपुर नगरपालिका

स्थानिय राजपत्र

खण्ड : ८ संख्या : १० मिति : २०८१/०७/११

**भाग –२**

**चन्द्रपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२को उपदफा २ बमोजिम चन्द्रपुर नगरपालिकाको नगरकार्यपालिकाले स्विकृत गरेको कार्यविधि सर्वसाधारणको जानकारीका लागिस्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

# चन्द्रपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०

**प्रस्तावना :** चन्द्रपुर नगरपालिका भित्र स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक वञ्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले स्थानीय तहलाई प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न, नगरपालिकाबाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवा लगायतको स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय बनाउन, नगरपालिकामा स्थापित चन्द्रपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, चन्द्रपुर नगरपालिकाको चन्द्रपुर नगरपालिक स्वास्थ्य सेवा ऐन, २०७९ को दफा ६५ ले

नगर कार्यपालिकाको कार्यालय

दिएको अधिकार प्रयोग गरी चन्द्रपुर नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०।१०।२४ गतेको बैठकको निर्णयले यो कार्यविधि स्वीकृत गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (क) यो कार्यविधिको नाम "चन्द्रपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेकोछ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा :** विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अस्पताल" भन्नाले चन्द्रपुर नगरपालिकाले संचालन गरेको नगर अस्पताललाई सम्झनुपर्छ।

(ख) "अध्यक्ष" भन्नाले अस्पताल सञ्चालक तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ।

(ग) "प्रमुख" भन्नाले चन्द्रपुर नगरपालिका नगर प्रमुखलाई सम्झनुपर्छ।

(घ) "अस्पताल प्रमुख" भन्नाले अस्पतालको दरबन्दीमा कार्यरत स्थायी चिकित्सकहरु मध्ये सवै भन्दाजेष्ठ कर्मचारी वा समितिले तोके बमोजिमको कर्मचारी लाई सम्झनु पर्छ।

(ङ) "ऐन" भन्नाले चन्द्रपुर नगरपालिक स्वास्थ्य सेवा ऐन, २०७९ लाई सम्झनुपर्छ।

(च) "कार्यपालिका" भन्नाले चन्द्रपुर नगर नगरपालिकाको नगरकार्यपालिका सम्झनुपर्छ।

(छ) "कार्यविधि" भन्नाले चन्द्रपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० सम्झनुपर्छ।

(ज) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्नप्रचलित कानून बमोजिम सम्बन्धित परिषदबाट अनुमतिप्राप्त व्यक्ति सम्झनुपर्छ।

नगर कार्यपालिकाको कार्यालय

(झ) “विशेषज्ञ चिकित्सक” भन्नाले चिकित्सा विषय वा सो सँग सम्बन्धित विषयमा विश्वविद्यालय तथा सम्बन्धित विश्वविद्यालय सँग सम्बन्धन प्राप्त मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोत्तर तह उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भई लाइसेन्स प्राप्त व्यक्तिलाई सम्झनुपर्छ ।

(ञ) “नगरपालिका” भन्नाले चन्द्रपुर नगरपालिका सम्झनुपर्छ ।

(ट) “नगरपालिका क्षेत्र” भन्नाले चन्द्रपुर नगरपालिकाको भूभाग सम्झनुपर्छ ।

(ठ) “पदाधिकारी” भन्नाले व्यवस्थापन समिति अध्यक्ष र सदस्य लगायतका पदाधिकारीलाई सम्झनुपर्छ ।

(ड) “समिति” भन्नाले दफा ३ बमोजिम गठित चन्द्रपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ढ) “शाखा” भन्नाले कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

## परिच्छेद–२

## अस्पताल व्यवस्थापन समितिको गठन संचालन

**३. समितिको गठन :** (१) अस्पतालको संचालन तथा व्यवस्थापनकोलागिदेहायबमोजिमकोएक व्यवस्थापन समितिहुनेछ ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) स्थानीय प्रतिष्ठित समाजसेवी मध्येबाट अध्यक्षले तोकेको व्यक्ति - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) अस्पताल रहेको वडाको वडाध्यक्ष – सदस्य

(ङ) अस्पतालमा कार्यरत चिकित्सक र नर्स मध्येबाट अध्यक्षले तोकेको एक जना - सदस्य

नगर कार्यपालिकाको कार्यालय

(च)  स्वास्थ्य शाखा प्रमुख - सदस्य

(छ) अस्पताल प्रमुख ( मेडिकल सुपरिडेन्डेन्ट) - सदस्य–सचिव

(२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषयविज्ञ, इन्जिनियर, जनप्रतिनिधि तथा कर्मचारीलाई वैठकमा आमन्त्रित गर्नसक्नेछ।

**४. पदावधि :** समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ ।

तर, पदाधिकारीको पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ ।

**५. पदावधि रिक्त हुने :** निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ ।

(क) मृत्युभएमा,

(ख) राजीनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको वैठकमा अनुपस्थित भएमा ।

(घ) फौजदारी अभियोग प्रमाणित भएमा ।

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणीत भएमा ।

**६. काम, कर्तव्य अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

(क) नेपाल सरकार बाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नतिर विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) अस्पतालको नियमित सञ्चालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने ।

नगर कार्यपालिकाको कार्यालय

(घ) अस्पतालबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने।

(ङ) स्वास्थ्य सेवा तथा सुबिधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाउने।

(च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास र एवं वृत्ति विकासकोलागि आवश्यक कार्यगर्ने। अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरूका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने।

(छ) सर्वसुलभर गुणस्तरीय स्वास्थ्य सेवाको पहुच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्यसम्पादनका लागि प्रोत्साहित गर्ने।

(ज) स्वास्थ्य सेवाको पहुँचवाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने।

(झ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्नवर्ग, अपांगता भएका, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्येनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

(ञ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बालस्वास्थ्य तथा मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने।

(ट) अतिविपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने।

(ठ) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्न एवं सम्पत्तिको संरक्षण तथा मर्मत संभारको व्यवस्थापन गर्ने।

(ड) अस्पतालबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने।

(ढ) भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्यार आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने।

नगर कार्यपालिकाको कार्यालय

(ण) स्वास्थ्य सेवामा सुशासन, जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने, सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने।

(त) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि नगरपालिका अन्तर्गतका नगरपालिका सामाजिक विकास समिति र स्वास्थ्य शाखासँग आवश्यक समन्वय गर्ने।

(थ) अघिल्लो वैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्या समाधान गर्न पहलगर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायलाई पठाउने।

(द) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्ने।

(ध) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

(न) अस्पताल सञ्चालनकोलागि नगरपालिकाले दिएका निर्देशनहरू र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने।

(प) अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने।

(फ) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना एच. एम. आइ. एस. अनुसार तयारगरि डि. एच. आई. एस. २ मा तथ्याङ्क प्रविष्ट गर्ने।

(ब) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य ऐन लगायत प्रचलित कानून र नीति बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वयर सहयोग गर्ने।

(भ) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु सञ्चालन गर्ने गराउने।

(म) नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने।

नगर कार्यपालिकाको कार्यालय

**७. समितिको बैठक सञ्चालन :** (१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा दुई महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्नेछ । तर, आवश्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नेछ ।

(२) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा वैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको निर्णय उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ । कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ । तर, आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन् ।

(४) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितिमा जेष्ठ सदस्य वा अध्यक्षले तोकेको सदस्यको अध्यक्षतामा वैठक सञ्चालन हुनेछ ।

(५) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(६) व्यवस्थापन समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

## परिच्छेद–३

## कोष तथा लेखा परीक्षण

**८. अस्पतालको कोष :** (१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहनेछ ।

(२) उप दफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछ र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ । (क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) नगरपालिकाबाट प्राप्त रकम ।

(ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम ।

(घ) कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम

(च) अस्पतालले सञ्चालन गरेको सेवा वापत प्राप्त रकम ।

नगर कार्यपालिकाको कार्यालय

(छ) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिवाट प्राप्त अनुदान वा सहयोग रकम ।

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्विकृति लिनु पर्नेछ । (४) अस्पताललाई प्राप्त हुने सवैप्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नु पर्नेछ ।

(५) अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

(६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मूल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिश्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको सदुपयोग गर्न सक्नेछ ।

**९. कोष तथा खाता सञ्चालन :** (१) व्यवस्थापन समिति र अस्पतालको आयव्यय दुरुस्त राख्न चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको लेखा सम्बन्धी काम गर्न लेखा कर्मचारी र अस्पताल कार्यलय प्रमुख को संयुक्त दस्तखत बाट खाता सञ्चालन हुनेछ ।

(२) अस्पतालको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ । साथै सो खाता प्रचलित कानुन वमोजिम सञ्चालन हुनेछ ।

(४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(५) अस्पतलको आम्दनी र खर्चको अभिलेख, आम्दनी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आयव्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछ्र्योट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ ।

नगर कार्यपालिकाको कार्यालय

(६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्शसेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया प्रचलित  सार्वजनिक खरिद ऐन  र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

**१०. लेखा परीक्षण :** (१) अस्पताल व्यवस्थापन समितिले तोकिए वमोजिम अस्पतालको आयव्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(२) आन्तिरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट वा समितिको निर्णय बमोजिम हुनेछ ।

(३) समितिको अन्तिम लेखा परिक्षण नगरपालिकाको श्रेस्ता सँगै महालेखा परिक्षक वा निजले तोकेको लेखा परीक्षकवाट हुनेछ ।

**११. बैठक भत्ता :** समितिका सदस्यहरुको बैठक भत्ता तथा वैठक सम्बन्धि अन्य खर्च नगरपालिकाको कानुन बमोजिम व्यवस्थापन समितिको आम्दानीबाट व्यहोर्ने गरी हुनेछ ।

**१२. सेवा शुल्क सम्बन्धि व्यवस्था :** अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । तर, निस्शुल्क भनि तोकिएका सेवाको शुल्क लिन पाइने छैन ।

## परिच्छेद–४
## जनशक्ति, औषधी पकरणको व्यवस्थापन

**१३. कर्मचारी व्यवस्थापन :** (१) अस्पतालमा नेपाल सरकार,प्रदेश सरकार र नगरपालिकाले दरवन्दी निर्धारण गरे अनुसारको देहाय बमोजिमका कर्मचारीको व्यवस्था हुनेछ ।

(क)  स्थायी–नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवावाट पदपुर्ति हुने स्थायी जनशक्ति,

(ख)   करार–करार सेवामा भर्ना गरिएका जनशक्ति,

(ग) अभ्यासकर्ता–छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा आंशिक रुपमा नगरपालिकाको सहयोग प्राप्त गरी छात्रवृतिमा अध्ययन गरेका विद्यार्थी,

नगर कार्यपालिकाको कार्यालय

(घ) विषय विज्ञकोरुपमा वैतनिक वा अवैतनिक स्वच्छिक सेवा उपलव्ध गराएका व्यक्तिहरु

(ङ) विभिन्न शैक्षिक सस्थाहरुवाट इन्टनसिप विध्यार्थीहरु,

(२) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीवाट गराउन अपुग भएमा अस्पतालले समितिको निर्णय अनुसार आफ्नै स्रोतबाट आर्थिक व्यवस्थापन गर्ने गरी सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ साथै दैनिक ज्यालादारीमा कर्मचारी व्यवस्थापन गर्न सक्नेछ। साथै आवश्यकता अनुसार दैनिक ज्यालादारीमा कर्मचारी व्यवस्थापन गर्न सक्नेछ।

(३) सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धात्मक पद्धति अनुरुप प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

(४) अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरुको सेवा शर्त र सुविधा प्रचलित कानूनमा व्यवस्था भए भन्दा कम नहुनेगरी समितिले निर्धारण गर्नेछ।

(५) यो कार्यविधि प्रारम्भ हुँदाका वखत अस्पतालमा कार्यरत कर्मचारीहरुलाई व्यवस्थापन समितिको आर्थिक सक्षमता भएको अवस्थामा थप सुविधाको व्यवस्था गर्न सक्नेछ।

(६) नियमित वाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई समितिले निर्णयगरी थप सुविधा उपलव्ध गराउन सक्नेछ।

(७) कार्यपालिकाले व्यवस्थापन समितिको सिफारिसमा जनशक्तिको दरवन्दी संशोधन गर्नसक्नेछ।

(८) अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट नगरपालिकाको चन्द्रपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्वर्दन कार्यविधि २०७४ मा व्यवस्था भए बमोजिम हुनेछ।

(९) कार्यालय प्रमुखको रुपमा अस्पताल प्रमुखले कार्यगर्ने छ।

(१०) अस्पतालका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसँग र अन्य कर्मचारीले अस्पताल प्रमुखसँग कार्यसम्पादन करार गर्नुपर्नेछ।

(११) समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ।

नगर कार्यपालिकाको कार्यालय

(१२) समितिले अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्वीकृतिमा वा आफै जनशक्ति व्यवस्थापन गर्नेछ ।

(१३) समितिले आफै वा नगरपालिकासँग समन्वयगरी सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासँगको साझेदारीमा सेवा करारमार्फत पनि जनशक्ति व्यवस्थापन गर्नसक्नेछ ।

**१४. अभ्यासकर्ता सम्वन्धी व्यवस्था :** अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनत्तम शैक्षिक योग्यता पुगि सम्वन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थिहरुलाई अस्पतालले प्रचलित कानून बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ ।

**१५. कर्मचारी वा स्थ्यकर्मिहरुको नियुक्ति सेवा सुविधाः** (१) कर्मचारी तथा स्वास्थ्यकर्मिहरुको सम्पूर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रिकालिन सेवा तथा सट्टाविदा प्रचलित कानुन बमोजिम तथा समितिले तोके बमोजविम हुनेछ ।

(२) अस्पताललाई आवश्यक प्राविधि कर्मचारी तथा का.स. सरसफाई कर्मचारीहरुको नियुक्ति नगर अस्पतालको आफ्नै स्रोतमा नगर अस्पताल संचालन तथा व्यवस्थापन समिति आफैले करार सेवा तथा दैनिक हजिरा व पार्ट टाइम कर्मचारी नियुक्त गर्न सक्नेछ ।

**१६. अस्पताल प्रमुखको काम कर्तव्य अधिकारः** (१) अस्पताल प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अस्पताल व्यवस्थापन समितिको अधिनमा रहि नेपाल सरकारबाट जारी गरिएका आधारभुत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्युनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा सञ्चालन गर्ने ।

(ख) अस्पताल सञ्चालनका लागी सरकारी तथा गैरसरकारी सँस्थाहरुसँग समन्वय गर्ने ।

(ग) अस्पताल सञ्चालनका लागी वार्षिक बजेट, कार्यक्रम तयार गरी कार्यपालिकामा पेश गर्ने ।

(घ) अस्पतालको गुणस्तर कायम राख्न, क्षमता अभिबृद्धि गर्न, स्तर उन्नति गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न समितिले तोके बमोजिमका कार्य गर्ने ।

(ङ) अस्पतालको कार्यालय प्रमुख भई कामकाज गर्ने ।

नगर कार्यपालिकाको कार्यालय

(च) अस्पतालको नियमित कार्य बाहेक अन्य प्रशासनिक जिम्मेवारी अस्पताल प्रमुखले व्यवस्थापन गर्ने ।

**१७. औषधि खरीद, भण्डारण र वितरण ः** (१) नगरपालिकाबाट निस्शुल्क वितरण गर्ने औषधि तथा अस्पताल फार्मेसीबाट विक्री वितरण गर्ने औषधि अपर्याप्त भएमा नगरपालिकासंगको समन्वयमा अस्पतालले आवश्यक औषधि खरीद गर्न सक्नेछ ।

(२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरीद योजना बनाई नगरपालिकाबाट स्वीकृत गर्नुपर्नेछ ।

(३) बिमा निःशुल्क तथा सःशुल्क औषधी खरिद गर्दा समितिको नियमअनुसार तथा प्रचलित आर्थिक ऐन अनुसार खरिद गर्नुपर्नेछ ।

(४) अस्पतालले निःशुल्क उपलव्ध गराउने औषधी नियमित रुपमा उपलव्धताको व्यवस्था गर्नुपर्नेछ ।

(५) अस्पतालले अस्पतालमा आउने विरामीको संख्या तथा रोगको आधारमा औषधीको माग तथा आपुर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधी भण्डारण गर्नुपर्नेछ ।

(७) औषधी आपुर्ति तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एक जना व्यक्ति तोक्नेछ ।

(८) उपदफा (७) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी स्रेस्ता मिलाउनु पर्ने र दैनिक औषधीको खपतलाई मौज्जाद दैनिक अभिलेख राख्नुपर्ने साथै उपकरणको विवरण दुरुस्त राख्नु पर्नेछ ।

(९) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी व्यवस्थापन समिति समक्ष त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ ।

(१०) प्रेस्कृप्सन अनुसार औषधीको समुचित प्रयोगकोलागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले निम्नबमोजिम जानकारी दिनुपर्नेछ ।

(क) औषधीको सेवन विधि र मात्रा

नगर कार्यपालिकाको कार्यालय

(ख)	औषधीको सेवन अवधि

(ग)	औषधीबाट हुनसक्ने असर

(घ)	औषधी सेवन अवधिभर अपनाउनु पर्ने सावधानी

(ङ)	औषधी सुरक्षित राख्नेस्थान र विधि

(११) औषधी वितरण गर्दाऔषधी विक्रीवितरण सम्बन्धी सहिंता र औषधी सम्बन्धी प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

(१२) अस्पतालले आपुर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउनु पर्नेछ।

**१८. फार्मेसी सञ्चालन गर्ने :** (१) निस्शुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि विक्रीवितरण गर्न अस्पतालले आफ्नै फार्मेसी सँञ्चालन गर्नेछ।

(२) फार्मेसीमार्फत विक्रीवितरण गर्ने औषधिको व्यवस्थापन समितिको निर्णय अनुसार नगरपालिकाको समन्वयमा अस्पतालले गर्नेछ।

(३) फार्मेसी संचालन सम्बन्धी अन्य ब्यबस्था प्रचलित कानून र फार्मेसी सँचालन निर्देशिका बमोजिम हुनेछ।

(४) स-शुल्क फार्मेसी सञ्चालन नेपाल सरकारको नियममानुसार गरिनेछ।

(५) बिमा कार्यक्रम नेपाल सरकारको हुनेछ रबिमा बोर्डको नियमानुसार सञ्चालन गरिनेछ।

**१९ . एम्बुलेन्स सञ्चालन :** (१) अस्पतालले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुले न्ससेवा सञ्चालन गर्नसक्नेछ।

(२) एम्बुलेन्स सञ्चालन सम्बन्धी अन्य व्यवस्था स्थानीय कानुन तथा प्रचलित कानून बमोजिम हुनेछ
।

(१) अस्पतालले २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ।

नगर कार्यपालिकाको कार्यालय

(२) अस्पतालमा संभव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वस्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सवैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(४) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवावाट वञ्चित गरिने छैन।

- अतिविपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई नगरपालिकाको आकस्मिक उपचार कोषबाट वा अन्य शिर्षकबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलव्ध गराउनु पर्नेछ।
- अस्पतालले ओ पि डि मा आएका विरामीले आफुले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्थाको सुनिश्चित गरिनेछ।
- ईमर्जेन्सी मा आएका विरामीको हकमा मेडिकल अधिकृत,डिउटीमा रहेका पारामेडिकल अधिकृत र नर्सिड स्टाप बाट सेवा प्रवाह गरिनेछ।
- 1st On call को आवश्यकता परेमा अस्पतालमा उपलव्ध मे.अ.तथा 2nd on call मा सम्वन्धित विशेसज्ञ चिकित्सकले उपचार तथा परामर्श दिनु पर्दछ।

२० **कार्यविभाजन सम्वन्धि व्यवस्थापन** : (१) अस्पतालमा कार्यरत सम्पुर्ण कर्मचारीहरुले अस्पताल समय तथा अतिरिक्त समय बमोजिम काम गर्नुपर्ने छ।

(२) 1st On call तथा 2nd on call डाक्टरको डिउटी रोष्टर हरेक हप्ता मेडिकल सुपरिटेन्डले तयार गर्नेछ।1st On call मा मेडिकल अधिकृत तथा 2nd on call मा सम्वन्धित विशेसज्ञ चिकित्सकले सेवा प्रदान गर्नु पर्नेछ।

(३) नर्सिङ स्टापको डिउटी रोस्टर हरेक हप्ता नर्सिङ ईन्चार्ज ले तयार गरी मेडिकल सुपरिटेन्डबाट स्विकृत गराउनुपर्नेछ।

(४) पारामेडिकल को डिउटीरोस्टर हरेक हप्ता ईन्चार्जले तयार गर्नुपर्ने तथा मेडिकल सुपरिटेन्डबाट स्विकृत गराउनुपर्नेछ।

नगर कार्यपालिकाको कार्यालय

(५) भर्ना भएको विरामीको विहान र वेलुका राउण्डमा On call मेडिकल अधिकृत तथा 2nd on call विशेसज्ञ चिकित्सले गर्नुपर्नेछ ।

**२१. विदा वा काज सम्वन्धमा :** (१) मेडिकल सुपरीटेण्डेन्टको हकमा व्यवस्थापन समितिको अध्यक्ष वा प्रमुख प्रशासकिय अधिकृतले विदा वा काज स्विकृत गरिनेछ ।

(२) अन्य कर्मचारीको हकमा मेडिकल सुपरीटेण्डेन्ट विदा वा काज स्विकृत गरिनेछ ।

(३) कुनै पनि कर्मचारीले अग्रीम विदा वा काज स्वीकृत नगराई अनुस्पस्थित हुन पाउने छैन ।

**२२. सेवा व्यवस्थापन :** (१) अस्पतालमा प्रशासनिक कार्यालय, ओ. पि. डी . प्रयोगशाला, वार्डहरू, इमेजिङ कक्ष, सल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ–दर्ताकक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड वमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पुर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ ।

(२) अस्पतालले बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधिकक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउने छ ।

(३) अस्पतालले बहिरंग सेवा प्रदानगर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार र समय) खुल्नेगरी सबैले देख्ने ठाउँमा राख्नेछ ।

(४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यवस्था मिलाउने छ ।

(५) ओ. पि. डी मा आएका बिरामीले आफुले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने ब्यबस्था सुनिश्चित गर्नेछ ।

(६) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ ।

(७) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ ।

(८) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्डब मोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ ।

(९) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाकोलागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरिनेछ ।

(१०) अस्पतालले नेपालसरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्यरुपमा पालना गरिनेछ ।

(११) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका‍लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनुपर्नेछ । शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र सावुन उपलव्ध गराउनु पर्नेछ ।

(१२) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(१३) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफासुग्घर राख्नु पर्नेछ ।

(१४) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनका लागि लण्ड्रीको व्यवस्था गर्नुपर्नेछ ।

(१५) अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलग अलग ठाउँ सहितको सफा र सुविधा युक्तक्यान्टिनको व्यवस्था गर्नुपर्नेछ ।

(१६) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुकालागि चौबिसै घण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्धपानी आपूर्ति हुनुपर्नेछ ।

(१७) अस्पताल क्षेत्रभित्र र सबै विभागहरूमा चौबिसै घण्टा विद्युत आपूर्तिर अटोमेटिक ब्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

(१८) अस्पतालमा उपचारका लागि आउने विपन्न असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत निःशुल्क उपचार अनिवार्यरुपमा उपलब्ध हुनेछ । थप निःशुल्क उपचार समितिको निर्णयअनुसार हुनेछ ।

(१९) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी नगर कार्यपालिकामा सोको प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउने व्यबस्था गर्नुपर्नेछ ।

नगर कार्यपालिकाको कार्यालय

(२०) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ। साथै ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहरू कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनुपर्नेछ।

(२१) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, बिद्युतीय उपकरण र अन्य बिद्युतीय उपकरणको नियमित मर्मत संभार गर्ने ब्यबस्था हुनुपर्नेछ।

(२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ।

(२३) आपत्कालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ। यस्तो भण्डारणमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ।

(२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षागार्डको व्यवस्था भएको हुनुपर्नेछ।

(२५) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीयरुपमा सञ्चालन गर्न समितिले छुट्टै कार्यसञ्चालन निर्देशिका तयार गरी लागू गर्नेछ।

(२६) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, वालवबालिका र अपाङ्गतामैत्री हुनुपर्नेछ। साथै अस्पतालमा ह्वीलचेयर, ट्रली, स्टेचर राख्नु पर्नेछ र त्यस्ता सामाग्रीहरू सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(२७) स्वास्थ्य सेवा सञ्चालन र पुर्वाधार सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून, मापदण्डर प्रोटोकल बमोजिम गर्नुपर्नेछ।

## परिच्छेद–५

## सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

**२३. अस्पताल सूचना प्रणाली** : (१) अस्पतालबाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पुर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्वन्धी सूचना नगरपालिका, प्रदेश तथा संघको संवन्धित निकायमा आवश्यकता अनुसार उपलव्ध गराउनु पर्नेछ।

नगर कार्यपालिकाको कार्यालय

(३) अस्पतालवाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

(४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको अनुसूची–१ बमोजिमको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरूप सेवाहरु सुनिश्चितता गर्नुपर्नेछ।

(५) एम्बुलेन्स, दमकल, प्रहरी जस्तासेवा लगायतको आकस्मिक सेवा का टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नुपर्नेछ।

(६) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेकोहुनु पर्नेछ।

(७) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको ब्यबस्थाका साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ।

(८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका वारेमा समयसमयमा अस्पतालले जनचेतनामूलक अभियनान संचालन गरी जनसमुदायलाई जानकारी गराउनेछ।

(९) अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा डि.एच.आई.एस.टुमा प्रविष्ट गर्नुपर्नेछ ।

(१०) अस्पतालवा स्वास्थ्यकर्मीले संकलन गरेकोस्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

**२४. गुनासो व्यवस्थापन :** (१) अस्पतालले सवैले देख्ने ठाँउमा सुझाव तथा उजुरी पेटीका राख्ने र प्रत्येक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनकोलागि छुट्टै एक अधिकारी तोक्नेछ।

नगर कार्यपालिकाको कार्यालय

**२५. प्रेषण सम्बन्धी व्यवस्था :** (१) उपचारकोलागि आएको बिरामीलाई उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ । तर, अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुनसक्ने अवस्था हुँदाहुँदै प्रेषण गर्नपाइने छैन ।

(२) अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पूर्व पहिचान गरी सोको अद्यावधिक सूची राख्नु पर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ ।

(३) विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेखगरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नुपर्नेछ ।

(४) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदन्ड बमोजिमका न्युनतम उपकरण र सेवा उपलव्ध गराउनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न वाधा पुग्नेछैन ।

(६) प्रेषण गर्दा गर्भवती महिला, गम्भीर अवस्थाका विरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्नसक्नेछ ।

(८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था नगरपालिकाले वा अस्पताल व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

(९) प्रेषण भएका विरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ ।

१०) अस्पतालमा प्रेषण भइ आएका विरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जासहित डिस्चार्ज गरी सोको विवरण अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

(११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा विरामीलाई देहायका विवरणहरू उल्लेख गरी अनुसुची–२ बमोजिमको डिस्चार्ज सारंश दिनुपर्नेछ ।

(क) विरामीकोपरिचय–पत्र नं.

नगर कार्यपालिकाको कार्यालय

(ख) मूख्य समस्याहरू

(ग) भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टका सारंश

(घ) तत्काल गरिएको परीक्षणको सारंश

(ङ) उपचारको क्रममा भेटिका तथ्य

(च) उपचारको क्रममा अपनाइएको प्रकृया

(छ) उपचारको क्रममा अस्पतालमा रहेको अवधि

(ज) गरिएको उपचारको विवरण

(झ) डिस्चार्ज हुँदाको अवस्था, सोसमयमा दिइएको निर्देशन तथा डाइट, व्यायम, उपचार पद्यति, औषधिको मात्रा, प्रकृया तथा अवधि

(ञ) पुनः आउनुपर्ने वा नपर्ने जानकारी

(ट) निदानात्मक जाँचहरूको रिपोर्टको सारांश

(ठ) अन्य आवश्यक कुराहरू

## परिच्छेद–६
## विविध

**२६. अस्पतालको छाप :** अस्पतालको सम्पूर्ण कामकारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ। छापको नमुना र आकार अनुसूची–३ मा उल्लेखभए बमोजिम हुनेछ।

**२७. अस्पतालको सङ्गठन संरचना :** अस्पतालको आफ्नै सङ्गठन संरचना हुनेछ। सङ्गठन संरचना प्रचलित कानून बमोजिम नगरपालिकाले निर्धारण गर्नेछ।

**२८. साझेदारी गर्नसक्ने :** अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षाव्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहान सेवा लगायतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न

नगर कार्यपालिकाको कार्यालय

नगरपालिकासँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम समुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासँग सम्झौता वा साझेदारीमा गर्नसक्नेछ।

**२९. वार्षिक प्रतिवेदन पेश गर्ने :** समितिले वर्षभरिको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

**३०. निर्देशन पालना गर्नुपर्ने :** कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**३१. नगरपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुने :** नगरपालिकाको स्वीकृति विना समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नुहुँदैन।

**३२. अधिकार प्रत्यायोजन गर्नसक्ने :** समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य र सदस्य सचिवलाई प्रत्यायोजन गर्नसक्नेछ।

**३३. कार्यविधिको पालना गर्नुपर्ने :** यस कार्यविधिको पालना गर्नु नगरपालिका भित्रका नगरपालिकाबाट सञ्चालित सरकारी अस्पतालको दायित्व हुनेछ।

**३४. व्याख्यागर्ने अधिकार :** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्नभई कार्यान्वयनमा वाधा आई परेमा नगर कार्यपालिकाले सोको व्याख्या गर्नेछ।

**३५. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुनेछ।

**३६. संसोधन गर्नुपरेमा**ः यस कार्यविधिमा उल्लेख भएका विषयहरूको संसोधन गर्नुपरेमा अस्पताल व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाबाट संसोधन हुनेछ।

नगर कार्यपालिकाको कार्यालय

# अनुसूचि– १

(दफा २३ को उपदफा (४) सँग सम्बन्धित)

अस्पतालबाट प्रदान गरिने सेवाको

## नागरिक बडापत्रको ढाँचा

| क्र स | शाखा/वार्ड | प्रदान गरिने सेवाको विवरण | सम्बन्धित सम्पर्क व्यक्ति | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नगर कार्यपालिकाको कार्यालय

# अनुसूची– २

## (दफा २५ को उपदफा (११) सँग सम्बन्धित)

## डिस्चार्ज सारंशको ढाँचा

| चन्द्रपुर नगरपालिका नगर अस्पताल<br>डिस्चार्ज सारंश | |
|---|---|
| बिरामीको नाम : | उमेर |
| बिरामीको ठेगाना : | सम्पर्क नं. : |
| अस्पतालको वार्ड : | युनिट : |
| बिरामीको परिचयपत्र नं. /दर्ता नं.: | मिति : |
| समस्याहरु :<br>.........<br>........ | |
| परीक्षण विवरण :<br>...............<br>........ | |
| उपचारको क्रममा भेटिएका तथ्य उपचार प्रक्रिया र पद्धति :<br>.........................................<br>..................... | |
| उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधि , भर्ना भएको मिति र समय : | |
| उपचार सम्बन्धी विवरण : सिफारिस औषधीको नाम, मात्रा र अवधि<br>. .............................. | |

नगर कार्यपालिकाको कार्यालय

| |
|---|
| डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था, सो समयमा दिएको निर्देशन ः<br>............................................... |
| पुन ः अस्पताल आउने (फलो अप) सम्बन्धी विवरण ः<br>यस उपचारको क्रममा पुनः अस्पताल आउनुपर्ने वा नपर्ने<br>आउनुपर्ने मिति ः |
| अन्य आवश्यक कुराहरु ः |
| ........................<br>इन्चार्जको हस्ताक्षर |

नगर कार्यपालिकाको कार्यालय

## अनुसूचि– ३

## (दफा २६ सँग सम्बन्धित)

## अस्पतालको छापको नमूना

१. छापको नमूना : नगर कार्यपालिकाको लोगोको तल नगर अस्पतालको नाम र अस्पताल रहेको ठेगाना रहनेछ ।

२. छापको आकार : नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

नगर कार्यपालिकाको कार्यालय

१. छापको नमूना : नगर कार्यपालिकाको लोगोको तल नगर अस्पतालको नाम र अस्पताल रहेको ठेगाना रहनेछ।

२. छापको आकार : नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।

नगर कार्यपालिकाको कार्यालय

आज्ञाले

किरण निधि तिवारी

प्रमुख प्रशासकीय अधिकृत